
१– केन्द्रिको फार्मको नक्सा



सदरमुकामदेखि साढे तीन कोष दक्षिण अमरगढी नगरपालिका वार्ड नं.३ महाभारत पर्वतको उत्तरी कोखमा अवस्थित छ । तरकारी जर्मप्लाज्म सम्बर्धन तथा तरकारी बीउ उत्पादन केन्द्रको स्थापना वि.सं.२०४३ साल पौषमा भएको हो ।

यस जिल्लाको बीचोबीच भएर गएको महेन्द्रनगर-धनगढी, धनगढी-डडेल्धुरा (भीममार्ग), डडेल्धुरा-बैतडी( दशरथ मार्ग), बैतडी-दार्चुला, बैतडी-बझाङ्ग (जयपृथ्वीबहादुर सिंह मार्ग) र डडेल्धुरा-डोटी-अछाम राजमार्गका माध्यमबाट यस केन्द्रले यस क्षेत्रको तरकारी खेतीको विकासमा महत्व पूर्ण योगदान दिन सकेको छ ।

यस केन्द्रले विभिन्न तरकारी बालीका विभिन्न जातहरूको बीउ बेर्ना उत्पादन तथा वितरणका साथसाथै जातीय अध्ययन, परीक्षण, तालिम कार्यक्रम, प्रदर्शन, कीट वितरण, बाह्यसेवा कार्यक्रम र कृषक स्तरमा बीउ तथा ताजा तरकारी उत्पादन कार्य गर्दछ ।

## २.२ ऐतिहासिक पृष्ठभूमि

सुदरपश्चिम प्रदेश  अन्य प्रदेशको अपेक्षा तरकारी उत्पादनमा पिछडिएको क्षेत्र हुनुका साथै यातायात तथा अन्य क्षेत्रमा पनि पछाडि नै रहेको छ । तरकारी खेतीको विकास त्यति अगाडि बढ्न नसकि पश्चिम तराई क्षेत्रमा विदेशी तरकारी प्रशस्त पैठारी भएको देखिन्छ भने पहाडी भेगमा तरकारी खेतीको आर्थिक तथा पौष्टिक महत्वको ज्ञानको कमी, गुणस्तरीय तरकारी बीउको अभाव, दक्ष प्राविधिक तथा उत्पादन प्रविधिको कमी, कृषकहरूमा जागरुकताको कमी आदि कारणहरूले गर्दा तरकारी खेती नगण्य रूपमा भएको पाइन्छ । आर्थिक तथा पौष्टिक दृष्टिकोणले तरकारी एक महत्वपूर्ण बाली भएको हुदा सुदरपश्चिम जस्तो दुर्गम क्षेत्रमा तरकारी विकासको कार्यक्रम सञ्चालन गरी उत्पादनमा वृद्धि ल्याउनु नितान्त आवश्यक भएको छ । उच्च गुणस्तरको तरकारी बीउको माग दिन प्रतिदिन बढ्दै गएको छ । अधिराज्यमा सुदरपश्चिम क्षेत्र बाहेक अन्य क्षेत्रमा बीउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन भै रहेता पनि यातायातको असुविधाले गर्दा सेवात्मक कार्यक्रम उच्च गुणस्तरको बीउ सो भेगमा पुग्न नसकेको हुदा आशातित रूपमा तरकारी खेतीको विकास हुन नसकेको महसुस भएको छ ।

यसै राष्ट्रिय समस्यालाई औल्याई तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको वि.सं.२०४० साल माघ महिनामा मधयपश्चिमाञ्चल क्षेत्रमा भएको सवारीको सु-अवसरमा बक्स भएको निर्देशन नं.११ अनुसार पहाडी क्षेत्रमा तरकारी उत्पादन तथा प्रसार तर्फ जोड दिई जिल्ला, अञ्चल तथा क्षेत्रको मागपूर्ति गर्ने किसिमबाट जाने । यसै निर्देशनलाई कार्यान्वयन गर्न श्री ५ को सरकारको निर्णय नं.११-३ निम्नानुसार छ :

सुदरपश्चिम बिकास क्षेत्र  अन्तर्गतका जिल्लाहरूमा तरकारी बाली विकासको लागि त्यस क्षेत्रमा भैरहेको काम मध्ये सम्भाव्य ठहरिएको एउटा फार्ममा तरकारी बीउ विकास केन्द्र स्थापना गर्ने ।

मौसुफ सरकारले उक्त निर्देशन कार्यान्वयनका शिलशिलामा सो क्षेत्रमा रहेका बैतडी र डोटीका दुई वटा फार्महरूको तरकारी बीउ विकास केन्द्र स्थापना गर्न सकिने हो होइन सम्भाव्यता अध्ययन गर्न तरकारी विकास शाखाबाट प्राविधिकहरू पठाइएको थियो । उक्त दुबै फार्ममा पानीको अभावले गर्दा सो केन्द्र स्थापना गर्न नसकिने भएबाट आसपासका क्षेत्रहरूमा नयाँ  फार्म खोल्न सर्वेक्षण गरी डडेल्धुरा जिल्लाको डोटी घटाल भन्ने ठाउमा फार्म स्थापना गर्न उपयुक्त देखिएको सो ठाँउ सदरमुकामबाट ३ कि.मि. दुरीमा पर्ने र प्रशस्त पानीको सुविधा भएको तथा सो ठाँउमा विभिन्न तरकारी बीउ उत्पादन गर्न सकिने भएकाले र प्राविधिक दृष्टिकोणबाट राम्रो पाइएकोले वि.सं.२०४३ साल पौषमा यस केन्द्रको स्थापना गरियो । हाल यस क्षेत्रमा तरकारी खेती सम्बन्धी प्रभाविला कार्यक्रमहरू सञ्चालन भई फार्म स्थापनाकालको अपेक्षाले निकै नै विकास भएको छ ।

## २.३ फार्मको विवरण

### २.३.१ भौगोलिक विवरण

तरकारी बीउ उत्पादन केन्द्र, डडेल्धुरा सदरमुकामबाट ३.५ कोष दक्षिण महाभारत पर्वतको उत्तरी कोखको डोटी घटाल अमरगढी न.पा.वडा नं.३ मा अवस्थित छ। उत्तरी मोहडा परेको यस केन्द्रको उचाइ समुन्द्री सतहबाट १,६१० मिटर रहेको छ र यस केन्द्रको कुल क्षेत्रफल ८६ रोपनी, ५आना, १पैसा, ३ दाम जसमध्ये :

| | | |
|---|---|---|
| सिमार | : | २० रोपनी |
| पाखो | : | २५ रोपनी |
| खेती योग्य | : | ३६ रोपनी |
| भवन कुलो आदि | : | ५ रोपनी |

### २.३.२ हावापानी

केन्द्रको हावापानी लेकाली (Warm Temperatute) किसिमको अधिकतम तापक्रम २७ डिग्री सेल्सियस र न्यूनतम तापक्रम -३ डि.से. पुग्छ। वर्ष भरीको सालाखाला वर्षा १५०० देखि १७०० मि.लि. सम्म हुन्छ । आषाढदेखि भाद्रसम्म अत्याधिक वर्षा हुन्छ । सुख्खा समय फाल्गुनदेखि बैशाख र मंसिरदेखि माघ अन्तिमसम्म अति नै जाडो हुन्छ। कार्तिकदेखि फाल्गुनसम्म तुषारो परिरहने र तापक्रम कम हुने भएकाले गर्मी तरकारीका बेर्ना उमार्न ढिलाई हुन जान्छ। यस भेगमा चैत्रदेखि आषाढसम्म असिना पर्ने भएकाले तरकारी बीउ उत्पादनमा ठूलो क्षती पुऱ्याउछ।

### २.३.३ माटो

यहाँको माटो चिम्ट्याइलो दोमट र बलौटे दोमट किसिमको ५ देखि ६.५ सम्म पी.एच्.मान भएको माटो विद्यमान छ।उर्वराशक्ति ह्रास भएको कारणबाट रासायनिक मलको जोडले मात्र उत्पादन लिन सकिएको छ।

### २.३.४ क्षेत्रफल

मध्य पहाडमा स्थित यस केन्द्रको मोहडा उत्तरतिर केही भिरालोसम्म मैदानको रूपमा छ । यसको क्षेत्रफल ८६ रोपनी, ५ आना, १ पैसा र ३ दाम रहेको छ। केन्द्रको माथि दक्षिण पट्टीको असिञ्चित पाखो जमिन २५ रोपनी , केन्द्रको बीचको पानी जम्ने सिमार २० रोपनी बाँकी तलको समतल सिञ्चित उत्पादन योग्य ३६ रोपनी जग्गा र बाँकी उत्पादन योग्य जमिनमा कार्यालय स्टोर घर रहेको छ।

### २.३.५ सिचाईं

केन्द्र डोटी खोलाबाट ल्याइएको तल्लो कुलो (काठे बाँध) ०५६/५७ मा आएको कार्यक्रमबाट पक्की भइसकेको उक्त कूलोको केन्द्रको करीब २०-२५ रोपनी मात्र सिचाँइ हुनसक्छ भने माथिल्लो कूलो मर्मत गर्नु पाएमा १५-२० रोपनी थप सिचाँइ हुन सक्ने ।

## ३–केन्द्रको उद्देश्य, फाइदा र सञ्चालन गरिएका मुख्य मुख्य कार्यक्रम

### ३.१ केन्द्रको उद्देश्य

- विभिन्न तरकारीका स्थानीय जात सङ्कलन, अध्ययन तथा सुधार विकास गर्ने र उन्नत जातका तरकारीको उपयुक्तता बारे परीक्षणहरू गर्ने,
- उपयुक्त तरकारीको मूल बीउ उत्पादन गरी क्षेत्रमा निजी स्तरमा व्यवसायिक बीउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय कृषकहरूको तरकारीमा भएका समस्यामूलक अध्ययन परीक्षण सञ्चालन गर्ने तथा उपयुक्त प्रविधिको विकास गर्ने,
- यो प्रदेशमा तरकारी प्रसारमा काम गर्ने प्राविधिकहरूलाई र स्थानीय कृषकहरूलाई तरकारी प्रसारमा प्राविधिक मद्दत दिने तथा तालिमको व्यवस्था गर्ने,
- सुदूरपश्चिम क्षेत्रमा तरकारी उत्पादन र तरकारी बीउ उत्पादनको लागि मुख्य सेवा केन्द्रको रूपमा काम गर्ने,
- केन्द्रको प्रभाव क्षेत्रमा तरकारी बीउ र ताजा तरकारी उत्पादन पकेटको विकास गरी स्थानीय आवश्यकता पूरा गर्न काम गर्ने,
- विभिन्न किसिमका तरकारीका बीउ बेर्ना उत्पादन गरी कृषकहरूलाई सहुलियत मूल्यमा बिक्री गर्ने ।

### ३.२ आयोजनाबाट फाइदा

- (क) उत्पादन :- बीउ बेर्ना बिक्रीबाट प्रत्यक्ष फाइदा हुनेछ। कृषक स्तरमा तरकारी वृद्धि हुनका
- साथै बीउ उत्पादन भई कृषकहरूले ठूलो फाइदापाई पेसालाई प्रत्यक्ष फाइदा पुग्नेछ।
- (ख) रोजगारी :- प्रत्येक दिन ४०-५० जना स्थानीय व्यक्तिहरूले अस्थायी रोजगारी पाउनुको साथै
- करीब २०-३० जना स्थायी कर्मचारीले काम पाउने छन्।
- (ग) तरकारी बीउको निर्यात बढ्ने र आयात कम हुने भएकोले मुद्राको बचत हुने र भविष्यमा
- विदेशी मुद्रा आर्जन गर्न सकिने छ।
- (घ) केन्द्रले केही राजश्व समेत आर्जन गर्न सक्ने छ।
- (ङ) तरकारी खेतीको व्यापक विस्तारबाट प्रशोधन उद्योगको सम्भावना बढ्नेछ।
- (च) तरकारी बढी खपतबाट सर्वसाधारणको स्वास्थ्यमा सुधार हुनेछ।

### ३.३ उद्देश्य पूरा गर्न सञ्चालन गरिएका मुख्य मुख्य कार्यक्रम

यस केन्द्रले निरन्तर रूपमा निम्न कार्यहरू गर्दै आएको छ :

- तरकारी उत्पादन तथा बिक्री वितरण गर्ने। (प्रजनन् बीउ, मूल बीउ र उन्नत बीउ)
- जातीय सम्बर्धन तथा विकास गर्ने।
- विभिन्न जातका तरकारीमा बेर्ना उत्पादन तथा बिक्री वितरण गर्ने।
- तालिम कार्यक्रम ।
- तरकारी प्याकेज प्रदर्शन गर्ने। (तरकारी एवम् ताजा तरकारी)
- बेमौसमी तरकारी उत्पादन प्रदर्शन गर्ने।
- बाह्य सेवा कार्यक्रम गर्ने। (प्रभाव क्षेत्रका जिल्लाहरूमा)
- प्रचार प्रसार सामग्री प्रकाशन तथा वितरण गर्ने।
- अध्ययन परीक्षण गर्ने। (विभिन्न तरकारी बालीहरूमा)
- कृषक स्तरमा तरकारी बीउ उत्पादन तथा नर्सरी स्थापना गर्ने।
- प्रोटेक्टेड हर्टिकल्चर(प्लाष्टिक घर निर्माण )

### ४ केन्द्रका भौतिक सुविधाहरू

तालिका-१

| क्र.सं | विवरण | सङ्ख्या | अवस्था | |
|---|---|---|---|---|
| | | | चालु | बिग्रीएको |
| १ | कार्यालय भवन | १ | चालु | - |
| २ | तालिम भवन | १ | चालु | र्मत गर्नुपन - |
| ३ | सम्पर्क कार्यालय | १ | चालु | मर्मत गर्नुपर्ने |
| ४ | स्टाफ क्वाटर | १ | चालु | मर्मत गर्नुपर्ने |
| ५ | स्टोर घर | १ | चालु | मर्मत गर्नुपर्ने |
| ६ | चौकीदार क्वाटर | १ | चालु | मर्मत गर्नुपर्ने |
| ७ | थ्रेसिङ फ्लोर | १ | - | जीर्ण अवस्थामा |
| ८ | वाटर रिजर्भायर | १ | चालु | मर्मत गर्नुपर्ने |
| ९ | गोरु गोठ | १ | चालु | मर्मत गर्नुपर्ने |
| १० | टेलीफोन सेट | १ | जीर्ण | जीर्ण अवस्थामा |

| | | | | |
|---|---|---|---|---|
| ११ | पिक अप गाडी, जीप | १ | चालु १ | मर्मत गर्नुपर्ने |
| १२ | पावर टिलर | २ | चालु १ | १ मर्मत गर्नुपर्ने |
| १३ | मोटर साइकल | ४ | चालु | - |
| १४ | कम्प्युटर | ३ | चालु | १ जीर्ण अवस्थामा |
| १५ | मल्टीमिडिया | २ | चालु | जीर्ण अवस्थामा |
| १६ | क्यामेरा | १ | चालु | - |
| १७ | थ्रेसर | १ | चालु | मर्मत गर्नुपर्ने |
| १८ | पम्पसेट | ३ | - | - |
| १९ | ल्यापटप | | चालु | - |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

**५ कर्मचारी सङ्गठनात्मक तालिका**

केन्द्र प्रमुख
अधिकृतस्तर नवौं/दसौं

प्राविधिक फाँट
-अधिकृत स्तर सातौं/आठौं
-प्रा.स.(रा.प.अनं.प्र.प्रा.)-२
-ना.प्रा.स.(रा.प.अनं.द्वि.प्रा.)-४

लेखाफाँट
सहायक स्तर चौथो

सा. प्रशासन फाँट
अधिकृतस्तर छैटौं १
-का.स.(निम्नस्तर)-६

तालिका-२

**७ हाल केन्द्रमा कार्यरत कर्मचारी विवरण**

| क्र. स | कर्मचारीको नाम, थर | पद | तह | शैक्षिक योग्यता | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | नरेन्द्र पनेरु | ब.वि.अ. | अधिकृतस्तर सातौ | एम.एस्सी.एजी | गन्थापधुरा, ४ डडेल्धुरा |
| २ | प्रकाश ब.थापा | अधिकृत | अधिकृतस्तर छैटौ | आई.कम. | अ.न.पा.५, डडेल्धुरा |
| ३ | तारीसिं.ठकुराठी | अधिकृत | अधिकृतस्तर छैटौ | एस.एल.सी.कृषि | भागेश्वर १ डडेल्धुरा |
| ४ | आयुसा जोशी | प्रा.स. | सहायकस्तर पाँचौ | आइ.एस.एजी. | पुनर्बास १ कन्चनपुर |
| ५ | घनश्याम सावद | ना.प्रा.स | सहायकस्तर पाँचौ | एस.एल.सी.कृषि | अ.न.पा.३, डडेल्धुरा |
| ६ | लक्ष्मण भट्ट | ना.प्रा.स | सहायकस्तर पाँचौ | एस.एल.सी.कृषि | बैतडी |
| ७ | नृपनाथ योगी | " | सहायकस्तरचौथो | एस.एल.सी.कृषि | खप्तड छेडेदह ६ बाजुरा |
| ८ | शेर बहादुरबोहरा | स.ले.पा. | सहायकस्तरचौथो | एस.एल.सी. | आलिताल डडेल्धुरा |
| ९ | डिल्लीराज जैसी | ना.प्रा.स | सहायकस्तरचौथो | एस.एल.सी.कृषि | बाजुरा |
| १० | गणेश राज ओझा | | " | सामान्य लेखपढ | अ.न.पा.१ डडेल्धुरा |
| ११ | पदम सार्की | " | " | सामान्य लेखपढ | अ.न.पा.३, डडेल्धुरा |
| १२ | राज सार्की | " | " | सामान्य लेखपढ | अ.न.पा.३, डडेल्धुरा |
| १३ | कासीराम पन्त | " | " | सामान्य लेखपढ | अ.न.पा.५ डडेल्धुरा |
| १४ | हर्क खडका | ड्राइभर | " | सामान्य लेखपढ | अ.न.पा. डडेल्धुरा |

**८ स्थापनाकालदेखि हालसम्म कार्यरत कार्यालय प्रमुखहरूको नामावली**

तालिका-४

| क्र. सं. | कार्यालय प्रमुखको नाम, थर | पद | योग्यता | कार्यरतअवधि..... देखि....सम्म |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद पौडेल | त.वि.अ. | बी.एस्सी.एजी. | ०४३//देखि ०४६/०६/१३ |
| २ | " देवीदत्त कलौनी | का.मु.त.वि.अ. | एस्.एल्.सी.कृषि | ०४६/०६/देखि ०४७/०८/२२ |
| ३ | " यक्षराज पन्त | त.वि.अ. | एम्.एस्सी.एजी. | ०४७/०८/२३देखि ०४९/१०/२१ |
| ४ | " दिल बहादुर विष्ट | नि.त.वि.अ. | बी.एस्सी.एजी. | ०४९/१०/२१देखि ०५०/०२/०३ |
| ५ | " सुरेन्द्रप्रसाद रिजाल | त.वि.अ. | बी.एस्सी.एजी. | ०५०/०२/०३देखि ०५२/०४/३२ |
| ६ | " यज्ञराज जोशी | त.वि.अ. | बी.एस्सी.एजी. | ०५२/०६/०१देखि ०५६/०७/१३ |
| ७ | " दिल बहादुर विष्ट | त.वि.अ. | बी.एस्सी.एजी. | ०५६/०७/१३देखि ०६१/११/०९ |
| ८ | " कृष्णदत्त पाण्डेय | नि.त.वि.अ. | एस्.एल्.सीकृषि | ०६१/११/१०देखि ०६१/१२/३० |
| ९ | " नवराज उप्रेती | का.मु.त.वि.अ. | बी.एस्सी.एजी. | ०६२/०१/०१देखि / / |
| १० | " खगेन्द्रराज शर्मा | ब.त.वि.अ | एम्.एस्सी.एजी. | / / देखि ०६५/११/१६ |
| ११ | " दिल बहादुर विष्ट | ब.त.वि.अ | बी.एस्सी.एजी. एम.ए. | ०६५/११/१६देखि ०७१/०४/०१सम्म |
| १२ | " दिल बहादुर विष्ट | ब.त.वि.अ | बी.एस्सी.एजी.एम.ए. | ०७१/०४/०१देखि २०७३।०६।१७सम्म |
| १३ | " तरा प्रशाद भन्डारी | का.मु.त.वि.अ. | | २०७३।०६।१८ देखि२०७४।८।९सम्म |
| १४ | " सुरेन्द्रप्रसाद रिजाल | ब.त.वि.अ. | बी.एस्सी.एजी. | २०७४।८।१० देखि २०७५।५।१८सम्म |
| १५ | " यज्ञराज जोशी | ब.त.वि.अ. | एम.एस्सी.एजी. | २०७५।९।९देखि २०७६/०३/३० सम्म |
| १६ | नरेन्द्र पनेरु | त.बि.अ. | एम.एस्सी.एजी. | २०७६/४/१ देखि हाल सम्म |

**९ केन्द्रको आ.व.०७५/०७६ को वार्षिक प्रगती विवरण**

**आयोजना/कार्यक्रमको नाम : आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम**

**कार्यालयको नाम : तरकारी जर्मप्लाज्म संवर्धन तथा तरकारी वीउ उत्पादन केन्द्र डडेल्धुरा**

आ.व. २०७५।७६ को वार्षिक भारित प्रगति

| क्र.सं. | ब.उ.शि.न | कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट रु हजारमा | वार्षिक कार्यक्रम बजेट हजारमा | भारित प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३१२१०८ | आलु तरकारी तथा मसला बिकास कार्यक्रम, | ४३५६०.० | ३३९३६.० | ६०.४ | |
| जम्मा | | | 43560.00 | 33936.00 | ६०.४ | |

**बजेट शिर्षक नं. अ**

| **क्र.सं.** | **ब.उ.शि.न** | **कार्यक्रमको नाम** | **वार्षिक विनियोजित बजेट रु** | **वार्षिक कार्यक्रम बजेट रु** | **वार्षिक पूँजिगत** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **बजेट** | **निकासा** | **खर्च** |
| १ | ३१२१०८ | आलु तरकारी तथा मसला बिकास कार्यक्रम, | ४३५६००००.० | २८०६१०००.० | ५६०००००.० | ०.० | ०.० |
| **जम्मा** | | | ४३५६००००.० | २८०६१०००.० | ५६०००००.० | ०.० | ०.० |

**आ.व. २०७५।७६ को वार्षिक अवधि**

| क्र.सं. | कार्यालय/निर्देशनालय | राजश्व (रु.) |
|---|---|---|
| | | वार्षिक |

| | | |
|---|---|---|
| २ | तरकारी जर्म्प्लाज्म संवर्धन तथा बिउ उत्पादन केन्द्र डडेल्धुरा | १८६०००/– |
| | जम्मा | |

फार्मकेन्द्र स्तरमा संचालित कार्यक्रमका लाभान्वित कृषक विवरण

आ.व. २०७५|७६ को वार्षिक अवधि

| क्र.सं | कार्यक्रमको|आयोजनाको नामआलु तरकारी तथा मशला बिकास कार्यक्रम | लाभान्वित कृषक परिवार संख्या | लाभान्वित गा.वि.स. | | | लाभान्वित कृषक संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लैंगिक | | | सामाजिक | |
| | | | सुगम | मध्यम | दुर्गम | महिला | पुरुष | जम्मा | दलित | जनजाति |
| 1 | बिभिन्न जिल्लामा स्थलगत तथा बिउ उत्पादक कृषक तालिम | ८०५ | ० | ० | ८०५ | ४१० | ३९५ | ८०५ | ४७ | ६६ |
| २ | बिभिन्न बिउ तथा बेर्ना बिक्रि बितरण | २१४ | १७१ | ० | ४३ | १२३ | ९१ | २१४ | ४६ | ० |
| ३ | बिउ उत्पादन कृषि सामग्री | २६६ | ० | ० | २६६ | ६१ | २०५ | २६६ | २२ | ० |
| ४ | प्लास्टिक घर निर्माण | १५० | ० | १५० | | १० | १४० | १५० | १७ | ३३ |
| | जम्मा | १४३५ | १७१ | १५० | १११४ | ६०४ | ८३१ | १४३५ | १३२ | ९९ |

द्वितीय चौमासिक अष्ठमासिक प्रगति प्रतिवेदन

१. आ.व. :– २०७५/०७६

२. बजेट उपशीर्षक नं :– ३१२१०८

३. मन्त्रालय :-

४. कार्यक्रम/आयोजनाको नाम :– आलु तरकारी तथा मसला बिकास कार्यक्रम,

५. आयोजना/कार्यालय प्रमुखको नाम :– यज्ञराज जोशी

६. यस अवधिको बजेट (रु.) :

(क) आन्तरिक (१) नेपाल सरकार (अनुदान) :–

(२) संस्था :–

(३) जनसहभागिता :–

(ख) वैदेशिक (१) ऋण :-

(२) अनुदान :–

७. यस अवधिको खर्च रक

(ख) वैदेशिक (१) ऋ

८. चालू आ.व.को हालसम

९. कुल लागतमध्ये शुरुदे

0.45

११. आयोजनाको कुल अव

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | बार्षिक लक्ष्य | तृतीय चौमासिक लक्ष्य |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| ८.६.४२.६०७ | फार्ममा जाने मोटरेवल पुल निर्माण तथा एप्रोच सडक | ३११५१ | १ | १२.८६ | ५६००. | 0 | ० | |
| (क) पूँजीगत खर्च कार्यक्रमको जम्मा | | | १ | १२.८६ | ५६००. | | | |
| (आ) चालू खर्च अन्तर्गतका कार्यक्रमहरु : | | | | | | | | |
| १.१.१.४ | रा.प.द्वितिय(प्रा) स्थायि कर्मचारी | | १ | १ | ५८२. | १ | ०.३५ | |
| १.१.१.६ | रा.प.तृतिय(प्रा) स्थायि कर्मचारी | | १ | १ | ४९७. | १ | ०.३५ | |
| १.१.१.८ | रा.प.अनं.प्रथम (प्र) स्थायि कर्मचारी | | १ | १ | ३७०. | १ | ०.२६ | |
| १.१.१.९ | रा.प.अनं.प्रथम (प्रा) स्थायि कर्मचारी | | २ | २ | ८०५ | १ | ०.६२ | |
| १.१.१.१२ | रा.प.अनं.द्वितिय (प्र) स्थायि कर्मचारी | | २ | १ | ६४८ | १ | ०.४६ | |
| १.१.१.१२ | रा.प.अनं.द्वितिय (प्रा) स्थायि कर्मचारी | | ४ | ३ | १३७९ | १ | ०.९८ | |
| १.१.१.२२ | का.स.पांचौ श्रेणि स्थायि कर्मचारी | | ६ | ५ | २२३९ | १ | १.७१ | |
| १.२.१.२२ | रा.प.द्वितिय(प्रा) स्थानिय भत्ता | | १ | ० | ६० | ४ | ०.०५ | |
| १.२.१.२३ | रा.प.तृतिय(प्रा) स्थानिय भत्ता | | १ | ० | ४५ | ४ | ०.०३ | |
| १.२.१.३० | रा.प.अनं.प्रथम (प्र) स्थानिय भत्ता | | १ | ० | ३७ | ४ | ०.०३ | |
| १.२.१.३१ | रा.प.अनं.(प्र) टाईपिष्ट स्थानिय भत्ता | | २ | ० | ६१ | ४ | ०.०५ | |
| १.२.१.२४ | रा.प.अनं.प्रथम (प्रा) स्थानिय भत्ता | | २ | ० | ७३ | ४ | ०.०६ | |
| १.२.१.२८ | रा.प.अनं. द्वितिय (प्रा) स्थानिय भत्ता | | ४ | ० | १२३ | ४ | ०.०९ | |
| १.२.१.२८ | का.स.पांचौ श्रेणि स्थायि कर्मचारी स्थानिय भत्ता | | ६ | ० | १२६ | ४ | ०.१ | |
| .२.२.१ | महंगि भत्ता | | १७ | ० | २०४ | १७ | ०.१६ | |
| १.२.४.२३ | खरिद समिति र अन्य बैठक भत्ता | | १ | ० | २५ | | ०. | |
| १.३.१.८ | स्थायि कर्मचारी पोषांक भत्ता | | १७ | ० | १२८ | १७ | ०.२९ | |
| २.१.१.१ | धारा महसुल | | १२ | ० | १५ | ४ | ०.०१ | |
| २.१.२.१ | विजुलि महसुल | | १२ | ० | १०० | ४ | ०.०८ | |
| २.२.१.१५ | कार्यालय प्रमुख को लागि मोवाईल रिचार्ज (टेलिफोन महसुल) | | १२ | ० | १७ | ४ | ०.०१ | |
| २.२.१.१ | टेलिफोन महसुल | | १२ | ० | २४ | ४ | ०.०२ | |
| 2.2.2.5 | ईण्टरनेट जडान तथा महसुल | | १२ | ० | ३० | ४ | ०.०२ | |
| २.४.१.१ | मोटर साईकल का लागि पेट्रोल | | ३६० | ० | ३६ | १२० | ०.०३ | |
| २.४.१.२ | गाडिको लागि डिजेल | | १८०० | ० | १८० | ६०० | ०.१४ | |
| २.४.१.२८ | कार्यक्रम संचालन भ्रमण का लागि सवारिसाधन ईन्धन | | ६०० | ० | ५१ | २०० | ०.०४ | |
| २.४.१.३२ | पावरटेलर का लागि डिजेल | | ५०० | ० | ५७ | २०० | ०.०५ | |
| २.५.१.७ | मेसनरी उपकरण मर्मत | | १५ | ० | ६० | ५ | ०.०५ | |
| २.५.१.२१ | गाडि मर्मत | | ३ | १ | ३०० | १ | ०.२३ | |
| २.५.१.२२ | मोटर साईकल मर्मत | | ३ | ० | १०० | १ | ०.०९ | |
| १३.२.२ | कार्यालय का कम्प्युटर, फोटोकपि आदि मेसनरी मर्मत सेवा | | १२ | ० | १०० | ४ | ०.०९ | |
| २.६.३.२ | गाडि तथा मोटर साइकल बिमा | | १ | ० | १०६ | ० | ०. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७.१.११ | कार्यालय मसलन्द सामान खर्च | | ६ | ० | ६० | २ | ०.०५ | |
| २.७.१.१० | टोनर तथा मसि | | ३ | ० | ४० | १ | ०.०३ | |
| २.७.१.१२ | चालु खर्च कार्यक्रम का लागि मसलन्द समान खर्च | | ३ | ० | ५० | १ | ०.०५ | |
| | कार्यालयको लागी ल्यापटप खरिद | | १ | ० | ८० | १ | ०. | |
| २.७.१.१४ | प्रगति प्रतिवेदन तयारि तथा प्रेषण छपाई खर्च | | ३ | ० | १५ | १ | ०.०१ | |
| २.७.२.१ | छपाई खर्च | | ३ | ० | १५ | १ | ०.०१ | |
| २.७.३.१ | पत्र पत्रिका तथा पुस्तिका खरिद | | ४ | ० | १० | १ | ०.०१ | |
| २.८.१.१५ | गोरु को लागि आहारा | | ३ | ० | १०० | ४ | ०.०८ | |
| २.१०.१.२ | ग्यास सिलिण्डर | | १५ | ० | २२ | ५ | ०.०२ | |
| २.१०.१.४ | मट्टीतेल,ग्यास,जेनेरेटर को लागि पेट्रोल आदि | | ५ | ० | २९ | २० | ०.०२ | |
| २.११.४.१० | मुख्य कार्यालय भवन,,प्रयोगशाला भवन मर्मत, | | २ | ० | १५० | २ | ०.३४ | |
| २.१३.१.२ | सवारि चालक करार | | १ | ० | १८० | ४ | ०.१४ | |
| २.१३.१.८ | अन्य सेवा सुल्क ( अन्य सेवा करार ) | | ३ | १ | २९५ | १ | ०.२२ | |
| **२.१६.३.४** | **उत्पादन सामग्री सेवा (ज्याला खर्च )** | | | | | | | |
| १ | तरकारी प्रजनन बीउ उत्पादन ( कच्चा पदार्थ बीउबिजन तथा अन्य सामग्री खरिद | | १३ | ० | ३० | ४ | ०.०२ | |
| २ | तरकारी मुल बीउ उत्पादन एवं बितरण | | ६५० | १ | ५५० | २०० | ०.३४ | |
| ३ | ताजा तरकारी उत्पादन एवं बिक्रि बितरण | | ३ | ० | ६० | १ | ०.०५ | |
| ४ | अदुवा बेसार पाना(बिउ) उत्पादन तथा बितरण | | २ | ० | १०० | २ | ०.२३ | |
| ५ | तरकारी बालि संग्राहालय संचालन ब्यबस्थापन ( कच्चा पदार्थ बीउबिजन , अन्य सामाग्री ) | | ३ | ० | ४५ | १ | ०.०३ | |
| ६ | तरकारी बाली जर्मप्लाज्म संकलन सम्बर्धन ( कच्चा पदार्थ बीउबिजन अन्य सामाग्री | | १६ | ० | १६० | ५ | ०.११ | |
| ७ | घुम्ति माटो पर|क्षण प्रयोगशाल ( फार्म भित्र ) | | १ | ० | १०० | १ | ०. | |
| ८ | अलांकारिक फूल बिरुवा उत्पादन वितरण | | १००० | ० | ५० | ३५० | ४. | |
| ९ | केन्द्रको जग्गा सुधार कार्यक्रम ( हरियो मल, गोबर मल, प्रांगारिक,कम्पोष्ट मल प्रयो गर्ने ) | | १ | १ | ३७५ | १ | ०. | |
| ११ | तरकारी बेर्ना उत्पादन एवं बिक्रि बितरण ( बीउ ,बिरुवा, ज्याला खर्च | | १५० | ० | १०० | ५० | ०.०८ | |
| १२ | प्याज सेट उत्पादन तथा बिक्रि बितरण | | १५० | ० | ६० | १५० | ०.०७ | |
| १३ | लसुन गानो उत्पाद उत्पादन तथा बिक्री बितरण | | ५०० | ० | ५० | ५०० | ०.०६ | |
| १४ | तरकारी खेतीमा नवीन प्रविधि बिस्ता ( प्लाष्टीक घर ,प्लाष्टीक मल्चिङ, थोपा सिचाई प्रविधि ) | | १ | ० | ११५ | १ | | |
| १५ | वार्षिक कार्यक्रम उपलब्धि पुस्तिका प्रकाशन | | १०० | ० | ५५ | | ०. | |
| **२.१५.१५.३** | **कार्यक्रम खर्च ( तरकारी विकास कार्यक्रम)** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला स्तरिय दुईदिने तरकारी बीउ उत्पादन तालिम ( अछाम,डडेल्धुरा, डोटी, बैतडी ) | | ४ | १ | ५०० | १ | ०.२९ | |
| २ | दलित तथा पिछडिएका कृषकलाई तरकारी खेती सम्बन्धि स्थलगत तालिम | | २ | ० | २० | १ | ०.०२ | |
| ३ | दलित तथा पिछडिएका कृषकहरुको जग्गामा ताजा तरकारी उत्पादन प्रदर्शन | | ६ | ० | १५० | ३ | ०.१७ | |
| ४ | तरकारी बिउ उत्पादन पकेट क्षेत्रमा गुण स्तरीय बिउ उत्पादन गर्न साना कृषि सामग्री सहयोग ( पितलको स्प्रेयर, हर्मेटिकब्याग ,प्लास्टिक पाइप, प्लास्टिक पोखरी मल्टी थ्रेसर ,आदि ) | | २ | २ | ८३० | १ | ०.७ | |
| ५ | बिउ आलु उत्पादन तथा बिक्रि वितरण (पी.बि.स. १००० दाना कार्डिनल र डिजिरे ५०० के जी. उत्पादन ) | | १० | ० | ७५ | १ | १०. | |
| ६ | Site specific reserch ( Inside Farm ) | | २ | ० | १४० | १ | ०. | |
| ७ | शतप्रतिशत अनुदानमा सैजन बेर्ना बितरण | | २ | ० | १५० | १ | ०.३४ | |
| ८ | फार्म भित्र Anti-hailstrom mesh को प्रदर्शन | | १ | ० | ५० | १ | १. | ५० |
| ९ | फर्म भित्र Multi-threshor खरिद | | १ | १ | २५० | १ | | |
| १० | मेला प्रदर्शनी, घुम्ती/एकिकृत सिबिर संचालन तथा सहयोग | | १ | ० | ३५ | १ | १. | |
| ११ | कार्यालय परिसरमा फुलबारी बगैंचा ब्येवास्थान तथा वाटर फाउन्डेसन सहित | | १ | ० | १०० | १ | | |
| १२ | वर्णशंकर जातका तरकारी बालि मलखाद र लगाउने समय सम्बन्धि अध्यन परिक्षेण (टमाटर -४, काउली-४, बन्दा-४, भन्टा-४, भेडे खुर्सानी-२, गाजर-२, काक्रो-४, करेला-४ ) | | १ | ० | १५० | १ | १. | |
| **२.१५.१.१२१** | **शिप बिकास तथा जनचेतना तालिम गोष्ठी (उद्यम शिलता /रोजगारी मुलक /शिप विकास तथा क्षमता अभिबृधि तालिम )** | | | | | | | |
| १ | तरकारी बीउ उत्पादन तथा बीउ ब्यबसायी बिच एक दिने जिल्ला स्तरिय गोष्ठी ( डडेल्धुरा,डोटी,अछाम ) | | ३ | ० | २१० | ३ | ०. | |
| २ | स्थलगत घुम्ति तालिम ( उद्यमशीलता,रोजगारमुलक,शसक्तिकरण सिप बिकास ) | | १० | ० | १०० | २ | ०.०५ | |
| ३ | तरकारी बीउ उत्पादक तथा बीउ ब्यापारी बीच एक दिने समिक्षा गोष्ठी | | ३ | ० | २१० | ३ | ०.४८ | |
| ४ | स्कूल हर्टिकल्चर तालिम ( उद्दमशिलता ,रोजगारमुलक, शसक्तिकरण शीप बिकास | | ५ | ० | ५० | २ | ०.०५ | |
| ५ | अन्तर फार्म कर्मचारी भ्रमण | | १ | ० | २१६ | १ | ०. | |
| २.१९.२.४ | भ्रमण खर्च | | ७२ | १ | २३० | २४ | ०.२ | |
| २.१९.१.५१ | कार्यक्रम अनुगमन तथा मुल्यांकन खर्च | | १०० | १ | ४२० | ४० | ०.३७ | |
| २.२०.१.१ | कार्यालय दैनिक चिया खर्च, अतिरिक्त सत्कार तथा जलपान | | ६० | ० | १०० | २० | ०.०८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.१.१०.२ | यू.भि.प्लाष्टिक टनेल,/ग्रिन /हाउस/,सेडहाउस/,पोलिहाउस/प्रोटेक्टिभ नर्सरी | | १५० | २९ | १२५०० | १५० | २९. | १ |
| ५.१.१०.१ | कृषि पर्यटन प्रबर्धन कार्यक्रम | | ३ | २३ | १०००० | १ | ५.६२ | |
| | **चालु खर्चको जम्मा** | | | ८७ | ३७९६० | | १६.९ | २ |
| | **कुल जम्मा** | | | १०० | ४३५६० | | १६.९ | |

## १४. सम्पादित कामको विवरण र उपलब्धिहरू

- गुणस्तरीय बीउ उत्पादन तथा बिक्री वितरण गरी कृषकहरूलाई ताजा तरकारी तथा तरकारी बीउ उत्पादनमा वृद्धि ल्याइएको ।
- जातीय सम्बर्धन गरी शुद्धतामा विकास भएको छ ।
- विभिन्न जातका बीउ बेर्ना बिक्री वितरण गरी कृषकहरूलाई सहुलियत मूल्यमा उपलब्ध गराई राजश्वमा समेत वृद्धि हुन गएको ।
- विभिन्न स्तर (स्थलगत, स्कुल)मा तालिम प्रदान गरी तरकारी खेती सम्बन्धी प्राविधिक ज्ञानमा अभिवृद्धि हुन गएको छ ।
- विभिन्न तरकारीका विभिन्न जातहरूको बाली सङ्ग्रहालय स्थापना गरी कृषकहरूलाई प्रदर्शनको रूपमा ज्ञान दिएको छ ।
- जर्मप्लाज्म सङ्कलन सम्वर्धन गरी लोप हुन लागेका जातको जगेर्ना गरी उपयुक्त जातको विकास गर्नमा मदत पुऱ्याइएको ।
- बीउ, आलु उत्पादन गरी कृषकहरूलाई गुणस्तर बीउको श्रोतको आधारमा समयमा उपलब्ध गराइएको ।
- फूलका बेर्ना उपलब्ध गराई वातावरणमा सुधार ल्याउनुका साथै राजश्वमा वृद्धि ल्याइएको छ ।
- ताजा तरकारी उत्पादन गरी बजारको माग आपूर्ति हुनुका साथै राजश्व वृद्धि भएको ।
- प्रभाव क्षेत्रमा तरकारी खेती सम्बन्धी प्राविधिक ज्ञान कृषकहरूलाई दिनुका साथै व्यवसायिकरण तर्फ उन्मुख गराइएको ।
- प्रचार प्रसार सामग्रीको वितरण गरी कृषकहरूलाई प्राविधिक ज्ञान हासिल गर्न सहजीकरण भएको छ ।
- कृषक स्तरमा तरकारी बीउ उत्पादन तथा नर्सरी स्थापना गरी कृषकहरूको आय आर्जनमा वृद्धि हुन सकेको ।
- कृषक स्थरमा प्लाष्टिक घर निर्माण गरी बेमौषमी तरकारी उत्पादनमा सहयोग पुगेको

### १४.१ सबल पक्षहरू

- कार्य सम्पादन गर्दा जिल्ला र क्षेत्रको आवश्यकता सम्भाव्यता हुन सक्ने प्रतिफलको आधारमा विभिन्न जातका बीउ बेर्ना बिक्रीबितारण गरी कृषकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने गरी जीवनस्तरमा सुधार पुग्न गएको छ ।
- रोजगारीका अवसरहरूको उपलब्धता आदि ध्यानमा राखी केन्द्र भित्र र बाहिर कृषकहरूलाई प्राविधिक ज्ञान दिई तरकारी उत्पादनमा व्यवसायिकरण तर्फ उनमुख गराइएको छ ।
- तरकारी बीउ तथा ताजा तरकारीको निर्यात बढाई आयातमा कम हुने विदेशी मुद्राको वचत हुने र भविष्यमा विदेशी मुद्रा आर्जन गर्न सकिने व्यवसायमा जोड दिइएको छ ।
- देशको राजश्व वृद्धिमा जोड दिने कृषकका क्रियाकलापहरूमा बढी केन्द्रित रही राजश्वमा वृद्धि भएको छ ।
- तरकारी खेतीको व्यापक विस्तारबाट प्रशोधन उद्योगतर्फ बढी जोड दिइएको छ ।
- तरकारीको बढी खपत गरी स्वास्थ्य, आर्थिक तथा वातावरणमा सुधार ल्याउने खालका कार्यक्रममा बढी जोड दिइएको छ ।
- डडेल्धुरा जिल्लालाई सघन तथा वैज्ञानिक खेतीतर्फ उन्मुख गराई कृषकहरूको जीवनस्तर उकास्नमा ठूलो योगदान दिइएको छ ।
- विश्व व्यापार सङ्गठनमा नेपालको सहभागिताको आधारमा जैवीक खेती प्रविधि अपनाई बढीभन्दा बढी फाइदा लिने तर्फ कृषकहरूलाई उन्मुख गराइएको छ ।
- बेमौसमी तरकारी खेती गर्न लगाई केही कृषकहरूले वर्षको ३-४ लाखसम्म आम्दानी गर्न सफल भएका छन् । साथै उत्पादित वस्तु भारतको दिल्लीसम्म पनि निर्यात भएको छ ।
- तोकिएको कार्य लक्ष्य अनुरूप मुख्यतया केन्द्रले मुला, रायो, केराउ, सिमी, प्याज, आलु, खुर्सानी, स्विसचार्ड, स्क्वास, काउली आदिको बीउ उत्पादन केन्द्र गरी मूल बीउको रूपमा जिल्लाबाहिरसम्म निर्यात गरिएको छ ।
- बिभिन्न बिउ उत्पादन पकेट क्षेत्रहरु डोटीको गैरा ,बैतडीको सिध्पुर क्षेत्र तथा अन्य स्थानमा उन्नत बिउ उत्पादनमा सहयोग पुरयाई कृषकहरुको आय स्तरमा बृधि हुनुका साथै यस शु.प.प्रदेशमा बिउ आपूर्तिमा थप सहयोग पुग्ने छ /
- लोप हुँदै गएका तरकारीका स्थानीय जातहरूको संकलन सम्बर्धन गरी जातीय सुधारमा सहयोग पुग्ने हिसाबले (Gene Bank) जर्मप्लाज्म सम्बर्धन गर्ने काममा बढावा दिइएको छ ।
- बढ्दो सहरीकरणलाई ध्यानमा राखी केन्द्रले अलङ्कारी विरूवा उत्पादन वितरण गरी राजश्व वृद्धि तथा वातावरण सुधारमा योगदान पुऱ्याएको छ ।
- उपरोक्त विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा यस क्षेत्रलाई तरकारी उत्पादनमा काठमाडौंको भक्तपुर भन्ने गरिएको छ ।

### १४.२ दुर्वल पक्ष (Weakness)

- भौतिक पूर्वाधारहरूको कमी (तारबार भवन, तालिम भवन, भण्डारण घर, गोठ) आदिको मर्मत, निर्माण गर्न नसकिएको हुँदा कार्यक्रम सञ्चालनमा बाधा परिरहेको ।
- जनशक्तिको कमी दरबन्दी अनुरूप पदपूर्ति भएमा कार्य सम्पादनमा सहयोग पुग्न जानेछ ।
- कृषकको माग अनुसार मूल बीउको आपूर्ति हुन नसक्नु ।
- बजेटको यथेष्ट व्यवस्था नहुनुको कारणले गर्दा विभिन्न कार्यक्रम सञ्चालनमा बाधा परिरहेको ।
- जर्मप्लाज्म सङ्कलन गर्नको लागि जनशक्तिको कमी हुनु बजेटको कमी हुनु त्यसैले गर्दा विभिन्न क्षेत्रबाट चाहेजति जर्मप्लाज्म सङ्कलन हुन नसक्नु ।
- प्रजनन् बीउको उपलब्धता नहुनु : परापूर्व कालदेखि नै विभिन्न तरकारीका जातहरूको मूल बीउ उत्पादन गर्दै आइरहेकोमा हाल आएर बीउको गुणस्तरमा ह्रास आइरहेको ।
- केन्द्रको क्षेत्रफल ८६ रोपनी रहेको तर कार्यक्रम गर्दा थोरै हुन जानेभएकोले केही क्षेत्रफल बाँझो रहन गई खेतीयोग्य जमिनमा पनि कार्यलक्ष्य तथा बजेटको कमीले गर्दा खेर गइरहेको ।
- जर्मप्लाज्म सङ्कलन सम्बर्धनको क्रममा शोभायमान फूलका विरूवा उत्पादन बिक्री वितरणमा स्थानीय फूलका विरूवा समेत समावेश हुनु पर्नेमा अन्यत्रबाट फूलका बीउ ल्याई उत्पादन गर्नु पर्ने ।
- कार्यरत विधि प्राविधिकहरूलाई समयसापेक्ष तालिमको व्यवस्था नभएर ज्ञानसीपमा अभिवृद्धि नहुनु ।

## १४.३ अवसरहरू (Opportunities)

- केन्द्रमा र केन्द्र बाहिर जिल्लाका अधिकतम कृषकहरूले तरकारी विकासको क्षेत्रमा रोजगारी पाउने अवसर प्रशस्त रहेको ।
- कृषकहरूले तरकारी खेती सम्बन्धी प्रविधिको ज्ञानसीपमा अभिवृद्धि भई आय आर्जन गर्न सक्ने ।
- जर्मप्लाज्म सङ्कलन सम्बर्धन गरी उपयोगी जातहरूबाट फाइदा लिन सकिने र चाहे अनुसारको नयाँ जातको विकासमा सहयोग पुग्ने ।
- तरकारी तथा तरकारी बीउको उत्पादनमा वृद्धि ल्याई क्षेत्र भित्र वा क्षेत्रबाहिर निर्यात गरी आय आर्जन गर्न सकिने ।
- गुणस्तरीय बीउबाट तरकारी उत्पादन गरी स्वास्थ्य तथा वातवरणमा सुधार ल्याउन सकिने छ ।
- बेमौसमी तरकारी उत्पादन गरी स्वास्थ्य तथा वातावरणमा सुधार ल्याउन सकिने छ ।
- बढ्दो सहरीकरण मान्छेको चाहना अनुरूप अलङ्कारीक फूलका विरूवा उत्पादन गरी वातावरण र Asthetic value मा सघाउ पुऱ्याई आयस्तरमा वृद्धि ल्याउन सकिने ।
- तरकारी खेतबकिो व्यापक विस्तार गरी औद्योगिकरणतर्फ उन्मुख हुन सकिने ।
- तरकारी खेतीलाई जीवीकोपार्जन मात्र नठानी व्यवसायीकरण गर्दै जाँदा आयस्तरमा अझ बढी आय आर्जन गर्न सकिने छ ।
- जर्मप्लाज्म सङ्कलन सम्बर्धन गरी Gene Bank को स्थापना भई जातीय सुधारमा सहयोग पुऱ्याउन सकिने ।
- देशले WTO मा प्रवेश गरेको सन्दर्भमा गुणस्तरीय तरकारी तथा बीउ बाह्य देशमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने छ ।
- विविध हावापानी रहेको हाम्रो देशमा विभिन्न किसिमका तरकारी वर्षैभरी उत्पादन गरी बढी मुनाफा लिन सकिने छ ।
- APP को अवधारण अनुरूप High Value low Volume crops लाई प्रथमिक्ता तरकारी तथा तरकारी खेतीबनट बढीभन्दा बढी समय सापेक्ष फाइदा लिन सकिने छ ।
- विभिन्न तरकारीका विभिन्न जातहरूको बाली सङ्ग्रहालय स्थापना गरी कृषकहरूलाई प्रदर्शन गराई तरकारी खेतीको ज्ञान दिन सकिने छ ।
- तालिम तथा बाह्य सेवा कार्यक्रम सञ्चालन गरी (प्रभाव क्षेत्र) Command Area का कृषकहरूलाई तरकारी खेती सम्बन्धी ज्ञान सीपमा अभिवृद्धि गराई सक्षम बनाउन सकिने ।
- जनसङ्ख्या वृद्धि हुनुका साथै तरकारी तथा तरकारी बीउको माग बढ्दै गएको सन्दर्भमा उत्पादनमा वृद्धि ल्याई खपत गर्न सकिने ।

## १४.४ चुनौतीहरू (Thread)

- तरकारीको गुणस्तर नियन्त्रण, निर्धारण गर्नु प्रावधान अनुरूप संयन्त्र सक्रिय नहुनु ।
- तरकारी बालीहरूको जातीय सुधार गर्नमा अनुसन्धान र फार्म केन्द्र बीच समन्वय नहुनु ।
- तरकारी तथा तरकारी बीउ उत्पादनमा वृद्धि ल्याउन दक्ष जनशक्तिको विकास हुनुपर्ने ।
- तरकारी विकास कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यथेष्ट बजेटको व्यवस्था हुनुपर्ने ।
- केन्द्रलाई यान्त्रिकरणतर्फ लैजान नसक्नु ।
- केन्द्रमा खेर गईरहेको (बाँझो) जमिन उपयोगम ल्याउन बजेटको अभाव हुनु ।
- तरकारी बीउ तथा तरकारी प्रशोधनतर्फ जोड दिन नसक्नु ।
- दरबन्दी अनुरूप केन्द्रमा कर्मचारीको पदपूर्ति हुनुपर्ने ।
- समयमा शुलभ तवरले ज्यामी तथा उत्पादा सामग्रीको उपलब्धता हुन नसक्नु ।
- उत्पादित वस्तुहरूको ढुवानी गर्न, बाह्य सेवा कार्यक्रम सञ्चालन गर्नको लागि स्रोत साधनको व्यवस्था हुन नसक्नु ।
- माथिल्लो तहबाट अनुगमन मूल्याङ्कन हुन नसक्नु ।
- बीउ बाली बीमाको व्यवस्था हुनुपर्नेमा हुन नसक्नु ।

## १४.५ कृषकस्तरमा पर्न गएको असर

- तरकारी बीउ बेर्नाको केन्द्रबाट समयानुसार शुलभ तरिकाले उपलब्ध गराई कृषकहरूले तरकारी खेतीबाट फाइदा लिई व्यवसायिकरणतर्फ उन्मुख भएका छन् ।
- गुणस्तरीय तरकारी तथा बीउ उत्पादन गरी छिमेकी जिल्ला कैलाली, कञ्चनपुर, डोटी सम्म निर्यात गरी कृषकहरूले आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार भएको छ ।
- कृषकहरू बेमौसमी तरकारी खेतीबाट बढी मुनाफा हुने भएकोले त्यसतर्फ बढी आकर्षित भएको देखिन्छ ।
- तरकारी खेती डडेल्धुरा जिल्लामा नगण्य रूपमा भएको देखिन्थ्यो । हाल आएर केन्द्रबाट तरकारी खेतीमा प्राविधिक ज्ञानको विस्तारले गर्दा कृषकको स्वास्थ्यमा सुधार हुनुका साथै आय आर्जनमा वृद्धि भएको छ ।
- स्थानीय तरकारीका जातहरूको उपयोगिता बारे जानकारी भई क्षेत्रका उपयुक्त स्थानीय जातका तरकारी खेतीतर्फ उन्मुख भएका छन् ।
- बढ्दो सहरीकरणलाई मध्यनजर राखी कृषकहरू फूल खेतीतर्फ आकर्षित भएका देखिन्छन् ।
- कामको (रोजगारी)को सिलसिामा कृषकहरूको विदेशीने क्रम घट्दो देखिन गएको छ ।
- तरकारी खेतीको आर्थिक पौष्टिक महत्व बुझी महिला कृषक समेत अन्य काम छोडेर तरकारी खेतीलाई नै बढी प्राथमिकता दिएको देखिन्छ ।

## १४.६ समस्या एवम् सुझावहरू :

- तरकारीको मूल बीउ उत्पादन गर्न प्रजनन् बीउ उपलब्ध हुन नसक्नु किनभने नेपाल कृषि अनुसन्धान परिषद् र कृषि विभाग बीच समन्वय राखी फार्म केन्द्रमा समन्वयात्मक रूपले जाने गरी अनुसन्धान कार्यक्रमहरू राखिनु पर्ने ।

- केन्द्रमा समयानुकुल ज्यामी उपलब्ध हुन नसक्नुले गर्दा केन्द्रहरूलाई यान्त्रिकरणतर्फ विस्तार गरिनुपर्ने ।

- समयमा उत्पादन सामग्री उपलब्ध हुन नसक्नु त्यसैले स्थानीय स्रोत साधन परिचालन गरी जैवीक खेती प्रविधिका कार्यक्रम समावेश गराइनु पर्ने ।

- दक्ष जनशक्तिको कमीले गर्दा गुणस्तरीय काम हुन **नसक्ने** भएका, जनशक्तिहरूलाई बेलाबेलामा तालिमको व्यवस्था गराइनु पर्ने ।

- भौतिक सुविधाहरूको कमी : स्थापना कालदेखिका भवनहरू जीर्ण भएको हुँदा मर्मत सुधार गराइनु पर्ने र आवश्यकता अनुसार नयाँ घरहरूको निर्माण हुनुपर्ने ।

- सिँचाईको समस्या : केन्द्रमा तल्लो खेत र माथिल्लो खेतमा जाने २ वटा कूलोहरू वर्षातको समयमा सधैं अवरूद्ध हुँदै गर्ने भएकोले उक्त कूलोहरूको मर्मत सम्भार गर्न बजेटको व्यवस्था हुनुपर्ने ।

- ल्याव यन्त्रहरूको अनुपलब्धता : तरकारी बीउको गुणस्तर बढाउन यन्त्रहरू उपलब्ध गराइनु पर्ने ।

- खेत सुधार हुनुपर्ने : केन्द्रको तल्लो खेत सिमार र माथिल्लो खेत पाखो रहन गएकोले खेत सुधार गर्न बजेटको व्यवस्था हुनुपर्ने ।

## १४.७ निष्कर्ष (Conclusion):

डडेल्धुरा जिल्ला लगायत सुदुरपश्चिम प्रदेशमा तरकारी विकास कार्यक्रम सञ्चालनको क्रममा आई परेका समस्याहरू, उपलब्धि, अवसरका साथै कृषकस्तरमा पर्न गएको असर बारे विस्तृत अनुभव गर्दा तरकारी जर्मप्लाज्म सम्बर्धन तथा बीउ उत्पादन कार्यक्रमले कृषकहरूमा गुणात्मक असर पर्न गएको र केन्द्रलाई सवल र सुव्यवस्थित गराउन सकेमा तरकारी तथा तरकारी बीउ उत्पादनका अवसरहरूको प्रशस्त सम्भावना देखिन गएको छ ।